जिल्ला समन्वय समितिको कार्यालय
धुम्रे, रसुवा
कृषि व्यवसायको अनुगमन प्रतिवेदन (कालिका-५, रूप्सेपानी)

१. पृष्ठभूमि

कालिका गाउँपालिका भौगोलिक विविधता र अनुकूल जलवायुका कारण पशुपालनका लागि अत्यन्तै उच्च सम्भावना भएको स्थानीय तह हो। गाउँपालिकाको आवधिक योजनामा कृषि र पशुपालनलाई समृद्धिको मुख्य आधार मानेर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ। गाउँपालिकाले "कृषि, पर्यटन र पशुपंक्षी : कालिका गाउँपालिकाको समृद्धि" भन्ने मूल नारालाई आत्मसाथ गरेको समेत देखिएको छ। यही नाराका आधारमा पशुपालन क्षेत्रको विकासका लागि हरेक वर्ष विशेष नीति, कार्यक्रम र बजेट विनियोजन हुने गर्दछ। गाउँपालिकाको धैबुङ क्षेत्र वर्तमान समयमा पनि दुग्धजन्य उत्पादन (दही, दूध, घिउ) का लागि प्रख्यात मानिन्छ। यहाँको तल्लो तटिय क्षेत्रमा गाई, भैंसी, बाख्रा र कुखुरापालन फस्टाएको देखिन्छ। परम्परागत रूपमा गरिँदै आएको पशुपालनलाई अहिले व्यावसायिक फार्मका रूपमा रूपान्तरण गर्ने क्रम बढ्दो छ। ऊर्जाको अभाव टार्न र फोहोर व्यवस्थापनका लागि गोबरग्याँस प्रविधिको विकास र प्रयोगलाई समेत सँगै लैजानु पर्ने अवस्था छ। कृषकहरूको लगानी सुरक्षित गर्न कालिका गाउँपालिकाले पशुपंक्षी बीमा, उत्पादनमा नगद अनुदान, वडा तहसम्मै पशु स्वास्थ्य स्वयम्सेवक र पशु स्वास्थ्य प्राविधिकहरूको व्यवस्था हुने गरी कार्यक्रम अगाडि बढाउनुको विकल्प देखिँदैन।

२. अनुगमनसम्बन्धी विवरण:

कृषकहरूको कृषि व्यवसाय अनुगमन गर्ने कार्य मिति २०८३/०३/११ गतेदेखि ऐ.ऐ.१४ गतेसम्म जिल्ला समन्वय समितिका समन्वय उपप्रमुख विजय लामाको नेतृत्वमा जिल्ला समन्वय अधिकारी एवम् जिल्ला समन्वय समितिको कार्यालयका कर्मचारीहरूद्वारा सम्पन्न भएको छ। मुख्यत गाइपालन, कुखुरापालन, टनेलमा टमाटर खेती लगायत्का कृषि व्यवसाय गर्ने कृषकहरूको व्यवसायहरूको स्थलगत अनुगमन सम्पन्न भएको छ। सकेसम्म बढी भन्दा बढी कृषकहरूसँग प्रत्यक्ष संवाद गरी यो प्रतिवेदन तयार पारिएको छ।

३. अनुगमन विधि

स्थलगत अनुगमन गरी व्यवसायको सम्बन्धमा कृषकको गुनासो, भावी योजना एवम् चाहनाहरूको सङ्कलन गर्नु अनुगमनको उद्देश्य रहेको सन्दर्भमा देहायका विषयवस्तुमा केन्द्रीत रही अनुगमन अनुगमन सम्पन्न गरिएको छ:

- व्यवसायको इतिहास र हालको अवस्था सम्बन्धमा कृषकसँग साक्षात्कार गर्ने
- बजारको पहुँचको अवस्था कस्तो छ
- सम्बन्धित पालिकाले व्यवसाय प्रवर्धनका लागि गरेको सहयोग सम्बन्धमा जानकारी लिने
- व्यवसाय विस्तारका लागि भावी योजना कस्तो छ

- सरकारले कुन कुन क्षेत्रमा के कस्तो सहयोग आवश्यक छ
- विमा बारे कृषकको जानकारीको अवस्था कस्तो छ
- पूर्वाधार र सरसफाइको अवस्था कस्तो छ

४. सीमाहरू

टोलीमा कृषिसँग सम्बन्धित प्राविधिक कर्मचारीहरू सहभागी नभएको कारण तथ्यगत गाइपालन, कुखुरापालन, टनेल खेतीजस्ता विषयसँग सम्बन्धित तथ्यहरू कम प्राप्त हुनाको साथै देहायका सीमाहरू प्रतिवेदनका रहेका छन्:

- कम समयका कारण धेरै विषयवस्तु समेट्न नसकिएको
- व्यवसायको दर्ता नवीकरण आयव्यय जस्ता विषयमा जानकारी नलिइएको
- मापदण्ड बमोजिम व्यवसाय सञ्चालन भए नभएको विषय हेर्न नसकिएको
- तुलनात्मक अनुगमन गरी कमी कमजोरीहरू आङ्कलन नगरिएको

५. प्राप्ति

कालिका-५ रूप्सेपानीका कृषक सनद कुमार देवकोटा, कालिका-५ मानेटोलका भोजराज पौडेल कृषकहरूको व्यवसाय अनुगमन गर्ने काम सम्पन्न भएको छ। कृषकहरूसँग साक्षात्कार एवम् प्रत्यक्ष अनुगमन गर्दा देहायका विषयवस्तुहरु जानकारी हुन आएका छन्:

- परम्परागत गोठलाई सुधार गरी कङ्क्रिट भुइँ (Concrete floor) र भ्याट तथा मूत्र संकलनका लागि ट्याङ्की निर्माण गरिएको। गोठमा उज्यालो र हावा आउने अवस्था राम्रो रहेको।
- नियमित रूपमा सरसफाई गरी गोबर र मूत्रको ब्यवस्थापन भएको देखिएको
- पशु विमा गरिएको। यसमा पालिकाले निश्चित परिमाणमा अनुदान उपलव्ध गराएको
- गोठबाट सङ्कलन भएको मूत्र (Urine) लाई एउटा छुट्टै ट्याङ्कीमा जम्मा गरी विषादीको रूपमा उपयोग गरेको पाइयो
- स्थानीय र उन्नत जात बीचका गाइहरू पालेको पाइयो। चितवनबाट गाई ढुवानी गरेर ल्याउन प्रति गाई २० हजार लागत पर्दा महँगो हुने गुनासो रहेको
- गाउँमा स्वरोजगार सिर्जना हुनुका साथै पारिवारिक आर्थिक अवस्था सुदृढ भएको पाइयो।
- आवश्यक खोपहरू लगाइएको जानकारी प्राप्त भयो
- कृषकले आफ्नै जग्गामा नेपियर र सियो ३ जातको भुइँघाँस तथा खन्यु र नेमारो जस्ता डालेघाँस लगाएको। दाना र चोकर बजारबाट ल्याउन गरेको
- उत्पादन भएको दूध पुष र माघ बाहेक अन्य महिनामा सहज रूपमा स्थानीय तहमा खपत हुने। उक्त दुई महिनामा बजारमा लगी डिडिसीमा बिक्री गर्ने गरिएको
- बाच्छी जन्मिँदा आफैले घरमा राखी पाल्ने वा महँगो मुल्यमा बिक्री हुने तर बाच्छो जन्मदा उल्टै घाटा हुने असस्था रहेको

- गोवरग्याँस जडान भएको देखिएन तर कृषकले वहुक्षेत्रगत व्यवसाय जस्तै पशुपालनसँगै टमाटर खेती, कुखुरापालन गरेको पाइयो
- घासको बीउको उपलव्धता कम रहेको जानकारी पाइयो
- गाइला कुँडो, खानेकुरा, पानी ख्वाउन आधुनिक प्रविधि प्रयोग भएको पाइयो
- व्यावसायिक दिगोपनामा सम्बन्धित पक्षले पर्याप्त ध्यान दिएको पाइएन

६. निष्कर्ष र सुझाव

पशुपालन एवम् कृषि खेतीका दृष्टिले कालिका गाउँपालिका वडा नं. ५, रूक्सेपानी उपयुक्त र उच्च सम्भावना बोकेको क्षेत्र हो। अनुकूल जलवायुका कारण यहाँ व्यावसायिक एवम् वहुक्षेत्रीय कृषिजन्य कार्यरहरू एकैचोटि गर्दा कृषकको उन्नति र प्रगति हुने देखिन्छ। यो क्षेत्र पहाडी भूभागमा पर्ने भएकाले बाख्रापालनका लागि चरन र डालेघाँसको उपलब्धता राम्रो छ, जसले गर्दा यहाँ बाख्रापालन व्यावसायिक रूपमा गर्न सकिन्छ। त्यस्तै, स्थानीय आवश्यकता र बजारलाई लक्षित गरी दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गरी विक्री गर्न सहज छ। स्थानीय बजार र नजिकका बजार केन्द्रहरू (जस्तै जिवजिवे) लाई आपूर्ति गर्ने गरी साना तथा मझौलास्तरका पोल्ट्री फार्महरू समेत सञ्चालन गर्न सकिन्छ। पर्याप्त घाँस र चरन क्षेत्र, बजारको नजदिगी, सरकारको सहयोग एवम् कृषकहरुको रूचीका कारण यहाँ यो व्यवसाय उन्नतिको आधार बन्ने देखिन्छ। यसका लागि देहायका सुझावहरू समेत ग्रहणीय रहेका छन्:

- गोबरग्याँस उत्पादनका लागि प्रोत्साहन जरूरी देखिन्छ। मूत्रलाई जैविक विषादी र मलको रूपमा उपयोग गर्न समेत प्रोत्साहन गर्नुपर्ने देखिन्छ
- स्थानीय/रैथानेभन्दा आधुनिक जातका गाईहरू पाल्नेतर्फ प्रोत्साहन गर्नुपर्दछ
- हिउँद महिनाको घाँस संकट टार्न कृषकलाई आवश्यक प्रविधिसहित सहयोग गर्नुपर्दछ
- अनुदान प्रक्रिया जटिल भएको भन्ने कृषकहरूको गुनासो रहेकाले सम्बन्धित पक्षले कृषकसँग अन्तरक्रिया बढाउने
- पशु डाक्टर एवम् जे.टी/जेटीएहरूको उपलव्धतालाई पालिकाले महत्त्व दिने
- महामारीजन्य रोगहरू (जस्तै खोरेत, रानीखेत) विरुद्ध नियमित खोप कार्यतालिका पालना गर्ने गराउने।
- आधुनिक प्रविधि (जस्तैः साइलेज बनाउने विधि, थुनेलो रोग परीक्षण) सम्बन्धी ज्ञान दिलाउन पालिकाले विशेष स्थलगत तालिम आयोजना गर्न
- गोबर र मलमूत्र खुला ठाउँमा फाल्दा दुर्गन्ध फैलिन्छ। यसका लागि अनिवार्य रूपमा कम्पोस्ट खाडल वा बायोग्याँस प्लान्टमा जडान गर्न आवश्यक व्यवस्था मिलाउने
- आसपासको खाली जग्गामा बहुवर्षीय डालेघाँस वा भुईंघाँस (जस्तै नेपियर, बर्सिम, स्टाइलो) खेती विस्तार गर्ने
- उत्पादकत्व बढाउन गाउँपालिकाले उन्नत जातको कृत्रिम गर्भाधान सेवाको मात्र प्रयोग बढाउने
- सम्बन्धित पक्षले नियमित अनुगमन गरी कृषकका पृष्ठपोषणहरू कार्यान्वयन हुने व्यवस्था मिलाउने
- फार्मको वरिपरि चुना छर्कने, बाहिरी मानिसलाई जथाभाभी प्रवेश नदिने र फार्म सफा राख्न जरूरी छ

- वनजङ्गल वा चरनमा लैजाँदा हिंस्रक वन्यजन्तुबाट जोगाउन आधुनिक तरिका अपनाउनु जरूरी छ।

७ तस्विरहरू







<समाप्त>